# नेपाल राष्ट्र बैंक

## राष्ट्रऋण व्यवस्थापन विभाग

## <u>आर्थिक वर्ष २०७१/७२ को कार्य प्रगति विवरण</u>

१. यस विभागले हाल नेपाल सरकारको राष्ट्र ऋण व्यवस्थापन (आन्तरिक ऋण व्यवस्थापन) र बैंक आफ्नै मौद्रिक व्यवस्थापन (तरलता व्यवस्थापन) को साथै छोटो अवधिको तरलता समस्या समाधानको लागि सरकारी ऋणपत्र (विकास ऋणपत्र र ट्रेजरी बिल) को धितोमा स्थायी तरलता सुविधा प्रदान गर्ने कार्य गर्दै आएकोछ ।

**राष्ट्र ऋण व्यवस्थापन**

२. राष्ट्र ऋण व्यवस्थापन विभागले राष्ट्र ऋण ऐन २०५९, राष्ट्र ऋण नियमावली २०५९ (दोस्रो संशोधन) र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली २०६१ को अधिनमा रही नेपाल सरकारको आन्तरिक ऋण व्यवस्थापन गर्दै आईरहेको छ ।

३. नेपाल सरकारको प्रत्येक आर्थिक वर्षको बजेटमा व्यवस्था भए बमोजिमको आन्तरिक ऋण उठाउन राष्ट्र ऋण उठाउने ऐन पारित भएपछि नेपाल सरकार, अर्थ मन्त्रालयबाट बजेटमा तोकिएको आन्तरिक ऋण उठाई दिन हुन भनि अनुरोध पत्र प्राप्त भए पश्चात् तयार गरिएको वार्षिक आन्तरिक ऋण निष्कासन तालिका र बोलकबोल तालिका नेपाल सरकारबाट स्वीकृत भई प्राप्त भए पछि आन्तरिक ऋण उठाउने कार्यको शुरुआत गर्ने गरिएको छ ।

४. आर्थिक वर्ष २०७१/७२ मा रु.५२ अर्ब ७५ करोड आन्तरिक ऋण उठाउने बजेटमा व्यवस्था भएतापनि आर्थिक वर्षको अन्त्यतिर अर्थात मिति २०७२/१/३१ मा नेपाल सरकार अर्थमन्त्रालयबाट आन्तरिक ऋण उठाउने बारेको पत्र प्राप्त भएको र सोही अनुसार तयार गरिएको वार्षिक आन्तरिक ऋण निष्कासन तालिका र बोलकबोल तालिका मिति २०७२/२/५ मा नेपाल सरकार (माननिय मन्त्रीस्तर) बाट स्वीकृत भई सोहि तालिका अनुसार आन्तरिक ऋण उठाउने कार्य आर्थिक वर्षको जेठ महिना देखि मात्र शुरुआत भएको हो । उक्त स्वीकृत वार्षिक आन्तरिक ऋण निष्कासन तालिका र बोलकबोल तालिका पुनः नेपाल सरकारको मिति २०७२/३/१४ को पत्रानुसार संशोधन भएकोले आर्थिक वर्ष २०७१/७२ को बार्षिक बजेटमा तोकिएको रु. ५२ अर्ब ७५ करोडमध्ये समिक्षा वर्षमा रु.४२ अर्ब ४२ करोड ३१ लाख ४५ हजार मात्र आन्तरिक ऋण उठाइएको छ । यसले गर्दा समिक्षा अवधिमा रु.१० अर्ब ३२ करोड ६८ लाख ५५ हजार न्यून आन्तरिक ऋण उठेको देखिन्छ ।

५. यस विभागले हाल ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, राष्ट्रिय बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको निष्कासन गरी आन्तरिक ऋणको व्यवस्थापन गर्दै आइरहेको छ ।

**ट्रेजरी विल**

६. आर्थिक वर्ष २०७१/७२ को स्वीकृत आन्तरिक ऋण निष्कासन र बोलकबोल तालिका अनुसार रु.१५ अर्बको ट्रेजरी विल निष्कासन गर्ने उल्लेख रहेतापनि सरकारी खातामा उल्लेख्य नगद मौज्दात कायम रहेकाले संसोधित तालिका अनुसार मात्र रु. १० अर्बको ९१ दिने ट्रेजरी विल जारी भयो । त्यसैगरी विगतमा निष्कासन भई समिक्षा अवधिको असार मसान्तसम्ममा भुक्तानी हुन बाँकी रु. ११९.८५८१ अर्ब विविध भुक्तानी अवधि भएका ट्रेजरी विलको भुक्तानी अवधि अनुसार पटक-पटक गरी नवीकरण तथा नयाँ निष्कासन गर्ने कार्य सम्पन्न भयो भने सो अवधिमा रु.२६.६१ अर्बको ट्रेजरी बिल नेपाल सरकारबाट भुक्तानी भएको थियो । बजेटमा उल्लेख भए बमोजिमको पूरा आन्तरिक ऋण नउठाइएको र बजारमा अधिक तरलता रहेका कारण ट्रेजरी विलको भारित औसत बट्टादर आर्थिक वर्ष २०७१/७२ मा पनि उल्लेख्य रुपमा न्यून रहन गयो । आर्थिक वर्ष २०७०/७१ को असार ३१ गतेको ९१ दिने ट्रेजरी बिलको भारित औसत बट्टादर ०.०००४ प्रतिशत रहेको थियो भने २०७२ असार २९ गतेको पनि ०.०००४ नै रहन गएको छ ।

**विकास ऋणपत्र**

७. आर्थिक वर्ष २०७१/७२ मा रु. ३५ अर्बको विकास ऋणपत्र निष्कासन गर्ने लक्ष्य राखिएको भएतापनि सरकारी खातामा उच्च नगद मौज्दात रहेको कारण संसोधित तालिका अनुसार नयाँ रु. ३० अर्बको मात्र विकास ऋणपत्र जारी गरियो । २०७० कातिक २८ देखि विकास ऋणपत्र जारी गर्ने बोलकबोल विधिमा परिवर्तन गरी डच बोलकबोल विधिबाट निर्धारित ब्याजदरको आधारमा विकास ऋणपत्र निष्कासन गर्ने पद्धति सुरु गरिएको छ । आर्थिक वर्ष २०७१/७२ मा ५-वर्षे अवधिको रु. ५ अर्ब, ७-वर्षे अवधिको रु. ५ अर्ब, ९-वर्षे अवधिको रु. ५ अर्ब, १०-वर्षे अवधिको रु. १० अर्ब र १५-वर्षे अवधिको रु. ५ अर्ब गरी पाँच पटक विकास ऋणपत्र निष्कासन गरिएको थियो । उपरोक्त विकास ऋणपत्रहरुमध्ये ५-वर्षे अवधिको ४ प्रतिशत, ७-वर्षे अवधिको ३.४४ प्रतिशत, ९-वर्षे अवधिको ३.०८ प्रतिशत, १०-वर्षे अवधिको २.९९ प्रतिशत र १५-वर्षे अवधिको २.६५ प्रतिशत ब्याजदर कायम हुन आएको थियो । आर्थिक वर्ष २०७१/७२ को अन्त्यसम्म भुक्तानी हुन बाँकी विकास ऋणपत्रको रकम रु. ५७.०७ अर्ब रहेकोछ । भुक्तानी हुन बाँकी विकास ऋणपत्रको भुक्तानी अवधि ५ वर्षदेखि १५ वर्षसम्म रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा विकास ऋणपत्रको रु.२०.०४०९ अर्ब नेपाल सरकारबाट भुक्तानी भएको थियो ।

**नागरिक/राष्ट्रिय/वैदेशिक रोजगार बचतपत्र**

८. आर्थिक वर्ष २०७१/७२ मा ऋण निष्कासन तालिका अनुसार रु. २ अर्ब ५० करोड बराबरको नागरिक बचतपत्र निष्कासन गर्न बिक्री खुला गरिएकोमा रु. २ अर्ब ३३ करोड ९४ लाख ३० हजार मात्र विक्री भएको थियो । उक्त ५-वर्षे अवधिको नागरिक बचतपत्रको ब्याजदर (कुपन दर) ८ प्रतिशत तोकिएको थियो । आर्थिक वर्ष २०७१/७२ को अन्त्यसम्म भुक्तानी हुन बाँकी नागरिक बचतपत्रको रकम रु. ३ अर्ब ५ करोड ६१ लाख ७६ हजार रहेको छ भने भुक्तानी अवधि ५ देखि १२ वर्ष रहेको छ । त्यसै गरी आर्थिक वर्ष २०७१/७२ मा नागरिक बचतपत्रको रु.८० करोड नेपाल सरकारबाट भुक्तानी भएको छ ।

९. आर्थिक वर्ष २०७१/७२ मा राष्ट्रिय बचतपत्रको नयाँ निष्कासन भएन । आर्थिक वर्ष २०७१/७२ को अन्त्यसम्म भुक्तानी हुन बाँकी राष्ट्रिय बचतपत्रको रकम रु. १६ अर्ब ५८ करोड ६४ लाख ८० हजार रहेकोछ भने भुक्तानी अवधि ४ वर्षदेखि ५ वर्षसम्मको रहेकोछ ।

१०. आर्थिक वर्ष २०७१/७२ मा रु. २५ करोड बराबरको वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न बिक्री खुला गरिएकोमा रु. ८ करोड ३७ लाख १५ हजार मात्र विक्री भएको थियो । उक्त ५-वर्षे अवधिको वैदेशिक रोजगार बचतपत्रको ब्याजदर (कुपन दर) ९ प्रतिशत तोकिएको थियो । आर्थिक वर्ष २०७१/७२ को अन्त्यसम्म भुक्तानी हुन बाँकी वैदेशिक रोजगार बचतपत्रको रकम रु. २१ करोड ५० लाख २५ हजार रहेकोछ भने भुक्तानी अवधि ५ वर्षको रहेकोछ । त्यसै गरी आर्थिक वर्ष २०७१/७२ मा वैदेशिक रोजगार बचतपत्रको रु.४० लाख नेपाल सरकारबाट भुक्तानी भएको छ ।

**खुद आन्तरिक ऋण निष्कासन**

११. आर्थिक वर्ष २०७१/७२ मा विविध उपकरण मार्फत रु.४२ अर्ब ४२ करोड ३१ लाख ४५ हजार बराबरको कुल आन्तरिक ऋण उठाइयो भने भुक्तानी रु.४७ अर्ब ४५ करोड ४९ लाख हुन गयो । उठाएको भन्दा भुक्तानी बढी हुन गएकोले खुद आन्तरिक ऋण निष्कासन रु.५ अर्ब ३ करोड १८ लाखले ऋणात्मक रह्यो । फलस्वरुप तिर्न बाँकी आन्तरिक ऋण आर्थिक वर्ष २०७०/७१ को रु. २०१.८१७५ अर्बबाट आर्थिक वर्ष २०७१/७२ मा रु. १९६.७८५७ अर्बमा झर्‍यो (तालिका १) ।

तालिका–१

**खुद आन्तरिक ऋण निष्कासन**

**(रु. दश लाखमा)**

| विवरण | आर्थिक वर्ष २०६९/७० | कुल गार्हस्थ्य उत्पादनसँग को अनुपात | आर्थिक वर्ष २०७०/७१ | कुल गार्हस्थ्य उत्पादनसँग को अनुपात | आर्थिक वर्ष २०७१/७२ | कुल गार्हस्थ्य उत्पादनसँग को अनुपात |
|---|---|---|---|---|---|---|
| **(क) कुल निष्कासन** | **१९०४२.९०** | **१.१३** | **१९९८२.९०** | **१.०४** | **४२४२३.१४५** | **१.९९** |
| ट्रेजरी विल | १९०००.०० | १.१२ | १००००.०० | ०.५२ | १००००.०० | ०.४७ |
| विकास ऋणपत्र | ०.०० | ०.०० | ९०००.०० | ०.४७ | ३००००.०० | १.४१ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ९०६.५० | ०.०५ | ०.०० | ० |
| नागरिक बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | २३३९.४३ | ०.११ |
| बैदेशिक रोजगार बचतपत्र | ४२.९० | ०.०० | ७६.४० | ०.०० | ८३.७१५ | ० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ० |
| **(ख) कुल भुक्तानी** | **२११६१.४०** | **१.२५** | **२५१६७.१०** | **१.३०** | **४७४५४.९०** | **२.२३** |
| ट्रेजरी विल | १४१५६.०० | ०.८४ | १००००.०० | ०.५२ | २६६१०.०० | १.२५ |
| विकास ऋणपत्र | ५९०८.५० | ०.३५ | १३५००.०० | ०.७० | २००४०.९० | ०.९४ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ० |
| नागरिक बचतपत्र | ९३९.३० | ०.०६ | १६६७.१० | ०.०९ | ८००.०० | ०.०४ |
| बैदेशिक रोजगार बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ४.०० | ० |
| विशेष ऋणपत्र | १५७.६० | ०.०१ | ०.०० | ०.०० | ०.०० | ० |
| (ग) खुद आन्तरिक ऋण | **-२११८.५०** | **-०.१३** | **-५१८४.२०** | **-०.२७** | **-५०३१.८०** | **-०.२४** |
| ट्रेजरी विल | ४८४४.०० | ०.२९ | ०.०० | ०.०० | -१६६१०.०० | -०.७८ |
| विकास ऋणपत्र | -५९०८.५० | -०.३५ | -४५००.०० | -०.२३ | ९९५९.१० | ०.४७ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ९०६.५० | ०.०५ | ०.०० | ० |
| नागरिक बचतपत्र | -९३९.३० | -०.०६ | -१६६७.१० | -०.०९ | १५३९.४० | ०.०७ |
| बैदेशिक रोजगार बचतपत्र | ४२.९० | ०.०० | ७६.४० | ०.०० | ७९.७० | ० |
| विशेष ऋणपत्र | -१५७.६० | -०.०१ | ०.०० | ०.०० | ०.०० | ० |
| (घ) तिर्न बाँकी कुल आन्तरिक ऋण | २०७००१.७१ | १२.२३ | २०१८१७.५३ | १०.४६ | १९६७८५.७० | ९.२६ |
| कुल गार्हस्थ उत्पादन | १६९२६४३.०० | ०.०० | १९२८५१७.०० | ०.०० | २१२४६५०.०० | |

## भुक्तानी गर्न बाँकी नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व

१२. नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व आर्थिक वर्ष २०७०/७१ मा रु. २०१.८१७५ अर्ब रहेकोमा आर्थिक वर्ष २०७१/७२ मा रु. १९६.७८५७ अर्बमा झऱ्यो । सरकारको आन्तरिक ऋणका उपकरणहरुमध्ये ट्रेजरी विलको परिमाण नेपाल सरकारले उठाएको भन्दा भुक्तानी गरेको रकम बढी भएको कारण अघिल्लो वर्षको रु. १३६.४६८१ बाट आर्थिक वर्ष २०७१/७२ को अन्त्यमा रु. ११९.८५८१ मा झरेको छ भने गत आर्थिक वर्षमा विकास ऋणपत्र मार्फत रु.३० अर्ब आन्तरिक उठाइएको र भुक्तानी रु.२०.०४०९ अर्ब भएकोले विकास ऋणपत्रको परिमाणमा बृद्धि भएको छ । त्यसैगरी गत आर्थिक वर्षमा नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र मार्फत आन्तरिक ऋण उठाइएकोले यी बचतपत्रको परिमाण पनि गत वर्षको तुलनामा केहीमात्रामा बढेको छ । राष्ट्रिय बचतपत्रको परिमाणमा घटबढ भएको छैन (तालिका २) ।

तालिका–२

**नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व**

(**रु. लाखमा**)

| सि.नं. | ऋणपत्रको किसिम | आथिर्क वर्ष २०६९/७० | | आर्थिक वर्ष २०७०/७१ | | आर्थिक वर्ष २०७१/७२ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | आर्थिक वर्ष ०७०/७१ | आर्थिक वर्ष ०७१/७२ |
| १. | ट्रेजरी बिल | १३६४६८१.०७ | ६५.९२६१ | १३६४६८१.०७ | ६७.६२ | ११९८५८१.०० | ६०.९१ | ०.०० | -१२.१७ |
| २. | विकास ऋणपत्र | ५१६१०९.०० | २४.९३२६ | ४७११०९.०० | २३.३४ | ५७०७००.०० | २९.०० | -८.७२ | २१.१४ |
| ३. | राष्ट्रिय बचतपत्र | १५६८००.०० | ७.५७४८ | १६५८६४.८० | ८.२२ | १६५८६५.०० | ८.४३ | ५.७८ | ०.०० |
| ४. | नागरिक बचतपत्र | ३१८३८.०७ | १.५३८१ | १५१६७.४६ | ०.७५ | ३०५६१.०० | १.५५ | -५२.३६ | १०१.४९ |
| ५. | वैदेशिक रोजगार बचतपत्र | ५८८.९५ | ०.०२८५ | १३५३.१० | ०.०७ | २१५०.०० | ०.११ | १२९.७५ | ५८.८९ |
| ६. | विशेष ऋणपत्र | | | | | ०.०० | | | |
| | **जम्मा** | २०७००१७.०९ | १०० | २०१८१७५.४३ | १०० | १९६७८५७.०० | १००.०० | -२.५० | -२.४९ |

## नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको सरकारी ऋणपत्र

१३. सरकारी ऋणपत्रहरु अधिविकर्षको सेक्युरिटाइजेशन गर्दा, खुला बजार कारोबार अन्तर्गत सोझै खरिद बोलकबोल गर्दा, बैंक तथा वित्तिय संस्थाले स्थायी तरलता सुविधा लिदां निखन्न नसकेको अवस्थामा, नेपाल राष्ट्र बैंकले दोस्रो बजारबाट ऋणपत्र खरीद गरेमा र बजार निर्माताले नेपाल राष्ट्र बैंकलाई बिक्री गरेमा वा खरिद गर्न अनुरोध गरेमा नागरिक/राष्ट्रिय/वैदेशिक रोजगार बचतपत्र, विकास ऋणपत्र र ट्रेजरी बिल नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउँने हुन्छ । त्यस्तै मौद्रिक नीति व्यवस्थापनका लागि दोस्रो बजारबाट आवश्यक ट्रेजरी विल तथा विकास ऋणपत्र सोझै खरिद गर्न सक्ने प्रावधान रहेको हुँदा सो अन्तर्गत पनि ऋणपत्रहरु नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने सम्भावना रहन्छ । आर्थिक वर्ष २०७१/७२ मा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रमध्ये ट्रेजरी विलको अंश ९६.६९ प्रतिशत, राष्ट्रिय बचतपत्रको अंश ०.१३ प्रतिशत र नागरिक बचतपत्रको अंश ३.१७ प्रतिशत रहेको छ (तालिका ३) ।

तालिका–३

**नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण**

(रु.लाखमा)

| सि.नं. | ऋणपत्रको किसिम | २०६९/७० | | २०७०/७१ | | २०७१/७२ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ |
| १. | ट्रेजरी बिल | १२९६८९.३२ | ८२.५२ | २२०४८९.३२ | ९४.५० | १५४६८९.३२ | ९६.६९ | ७०.०१ | -२९.८४ |
| २. | विकास ऋणपत्र | ३१९१.७५ | २.०३ | ० | ० | ० | ० | | |
| ३. | राष्ट्रिय बचतपत्र | १७३.६० | ०.११ | १८६.७० | ०.०८ | २१३.७० | ०.१३ | ७.५४ | १४.४६ |
| ४. | नागरिक | २४११२.४८ | १५.३४ | १२६५३.५८ | ५.४२ | ५०७६.०७ | ३.१७ | -४७.५२ | -५९.८८ |
| ५. | बैदेशिक रोजगार | १२९६८९.३२ | ८२.५२ | ०.४० | | ०.१५ | | | -६२.५० |
| | **जम्मा** | १५७१६७.२५ | १०० | २३३३३०.०० | १०० | १५९९७९.२४ | १०० | ४८.४६ | -३१.४४ |

नोट : आ.व.२०७०/७१ मा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ट्रेजरी बिलको मौज्दात रकमबाट आ.व.२०७१/७२ मा रु. ६ अर्बको सोझै विक्री बोलकबोल गरिएको हुँदा मौज्दात रकम घटेको हो ।

**राष्ट्रऋण व्यवस्थापन सम्बन्धी पूर्वाधार**

१४. यस बैंकले २०७० साल बैशाख १ गतेदेखि लेखा पद्धतिलाई GL Software System अन्तर्गत व्यवस्थापन गर्न थालेको र विद्युतीय लेखा पद्धति (GL Software System) अनुरुप सरकारी ऋणपत्रहरुको दर्ता (रजिष्ट्रि), नामसारी र भुक्तानी विधिको आधुनिकीकरण भएको छ भने सोही System मार्फत हिसाब किताब राख्ने कार्य भइरहेकोछ ।

१५. आर्थिक वर्ष २०७१/७२ मा राष्ट्र ऋण उठाउने प्रयोजनार्थ प्रयोग हुने उपकरणहरु ट्रेजरी बिल, विकास ऋणपत्र एवम् तरलता व्यवस्थापनका उपकरणहरु रिपो, रिभर्स रिपो, सोभै विक्री/खरिद तथा निक्षेप संकलनको पुरानो बोलकबोल व्यवस्थालाई विस्तापित गरी विद्युतीय माध्यम Online Bidding System Software (OBSS) बाट बोलकबोल गर्ने कार्यको शुरुआत मिति २०७२/३/१४ देखि भईसकेकोछ ।

१६. उक्त Online Bidding System Software र सो Software मार्फत बोलकबोल गर्ने प्रक्रियाका सम्बन्धमा जानकारी दिने उद्देश्यले उपत्यका भित्र र बाहिर रहेका सम्पूर्ण बैंक तथा वित्तीयसंस्थाका अधिकृत कर्मचारीहरुलाई अनुशिक्षण प्रदान गर्ने कार्य सम्पन्न भएको छ भने सो Software का बारेमा नेपाल राष्ट्र बैंक विराटनगर, बीरगञ्ज, पोखरा, सिद्धार्थनगर र धनगढी कार्यालयका कर्मचारीहरुलाई पनि अनुशिक्षण प्रदान गरिएकोछ ।

**बजार निर्माता र बिक्री एजेण्टको लागि इजाजतपत्र तथा निरीक्षण**

१७. सर्वसाधारणका लागि निष्कासन गरिने सरकारी ऋणपत्रहरु मध्ये नागरिक बचतपत्र र राष्ट्रिय बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार गर्न आर्थिक वर्ष २०७१/७२ मा आर्थिक वर्ष २०७२/७३ का लागि ४७ वटा बैंक तथा वित्तीय संस्थाहरुलाई इजाजतपत्र प्रदान गरिएकोछ । इजाजतपत्र प्राप्त बजार निर्माताहरु मध्ये ३७ वटा उपत्यकाभित्र र १० वटा उपत्यका बाहिर रहेका छन् । त्यसैगरी वैदेशिक रोजगार बचतपत्रको प्राथमिक निष्कासनमा बिक्री वितरण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट विप्रेषण सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त ८ वटा बैंक, वित्तिय संस्था तथा रेमिट्यान्स कम्पनीलाई यस विभागबाट बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरिएको छ । यसैगरी आर्थिक वर्ष २०७१/७२ मा यस विभागको बार्षिक कार्ययोजना अनुसार इजाजतपत्र प्राप्त केही समस्याग्रस्त बजार निर्माताहरुले गरेको कारोबारको निरिक्षण गरी अनुशिक्षण दिने कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०७२/७३ का लागि इजाजतपत्र प्राप्त बजार निर्माता तथा बिक्री एजेण्टहरुको नामावली यसैसाथ संलग्न गरिएको छ ।

**सरकारी ऋणपत्र सम्बन्धी चेतनामुलक कार्यक्रम**

१८. सरकारी ऋणपत्र सम्बन्धी जनचेतना फैलाउन तथा ऋणपत्रको पहुँच ग्रामीण क्षेत्रसम्म पुऱ्याउन सरकारी ऋणपत्र सम्बन्धी संक्षिप्त जानकारी पुस्तिका (लिफ्लेट) तयार गरी उपत्यका बाहिरका सम्पूर्ण कार्यालयमा पुर्‍याई उनिहरु मार्फत सो क्षेत्रका अन्य बैंक तथा वित्तीय संस्था र जनस्तरसम्म पुर्‍याउने र उक्त पुस्तिका यस बैंकको वेवसाइटमा राख्ने कार्य सम्पन्न भएकोछ । आर्थिक वर्ष २०७१/७२ को वार्षिक कार्ययोजना बमोजिम काठमाडौं उपत्यका बाहिर नेपालगञ्जमा सरकारी ऋणपत्र सम्बन्धी एक दिने अनुशिक्षण गोष्ठी संचालन गर्ने कार्य सम्पन्न भएकोछ ।

**मौद्रिक व्यवस्थापन (तरलता व्यवस्थापन)**

१९. यस विभागले नेपाल सरकारको आन्तरिक ऋण व्यवस्थापन गर्ने कार्यको अलावा मौद्रिक व्यवस्थापन अन्तर्गत बैंकिङ्ग प्रणालीमा रहेको अधिक/न्यून तरलता व्यवस्थापन गर्ने र छोटो अवधिको तरलता समस्या समाधान गर्ने उद्देश्यले सरकारी ऋणपत्र (ट्रेजरी बिल र विकास ऋणपत्र) को धितोमा मागकर्ता बैंक तथा वित्तीय संस्थालाई स्थायी तरलता सुविधा (SLF)

बैंकदरमा उपलब्ध गराउने कार्य पनि गर्दै आएको छ ।

२०. नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली २०७१ को अधिनमा रही तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको प्रतिवेदन बमोजिम अनुसन्धान विभागबाट प्राप्त बैंकिङ्ग प्रणालीमा विद्यमान तरलताको स्थिति सम्बन्धी प्रतिवेदन तथा सुझावका आधारमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णय बमोजिम बैंकिङ्ग प्रणालीको अधिक/न्यून तरलताको व्यवस्थापन हुने गर्दछ ।

२१. यस विभागले हाल रिपो, रिभर्स रिपो, आउटराईट सेल, आउटराईट पर्चेज र निक्षेप संकलन उपकरणहरुको प्रयोग गरी बैंकिङ्ग प्रणालीको अधिक/न्यून तरलताको व्यवस्थापन गर्ने कार्य गर्दै आएकोछ ।

२२. आर्थिक वर्ष २०७१/७२ मा बैंकिङ्ग प्रणालीमा अधिक तरलता रहेको कारण सो आर्थिक वर्षमा तरलता प्रशोचन गर्ने उपकरणहरु (रिभर्स रिपो, आउटराईट सेल र निक्षेप संकलन) को मात्र प्रयोग भएकोछ ।

**तरलता प्रशोचन**

२३. आर्थिक वर्ष २०७१/७२ मा रिभर्स रिपो, सोझै बिक्री बोलकबोल र निक्षेप संकलन मार्फत कुल रु. ४७६.८० अर्ब (टर्नओभरको आधारमा) तरलता प्रशोचन गरिएकोछ । सो वर्ष २ पटक गरिएको सोझै बिक्री बोलकबोल (Outright Sale) मार्फत रु.६ अर्ब, ५१ पटक गरिएको रिभर्स रिपो बोलकबोल मार्फत रु.३१५.८० अर्ब र १६ पटक गरिएको निक्षेप संकलन बोलकबोल मार्फत रु.१५५ अर्ब तरलता प्रशोचन भएको थियो । उक्त तरलता प्रशोचन गर्दा बैंकलाई रु. १९ करोड ५ लाख ४९ हजार ४२ बराबरको ब्याज व्ययभार परेको छ ।

**स्थायी तरलता सुविधा**

२४. आर्थिक वर्ष २०७१/७२ मा उक्त वर्षको मौद्रिक नीतिमा रहेको व्यवस्था बमोजिमको ८ प्रतिशत ब्याजदरमा (गत वर्षको बैकदर) विभिन्न मितिमा २९ पटक गरी रु.१०.३१ अर्ब (टर्नओभरको आधारमा) विभिन्न बैंकलाई स्थायी तरलता सुविधा प्रदान भएकोछ । उक्त सुविधा प्रदान गरे वापत बैंकलाई रु.८१ लाख ६० हजार ब्याज आम्दानी भएकोछ ।